तिमीहरूमध्ये प्रत्येकले अल्लाहको बारेमा राम्रो सोच राख्दै मृत्युवरण गर्नुपर्छ।

जाबिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मले नबी (सल्लल्लाहु अलैहि वसल्लम) लाई उहाँको निधन भन्दा तीन दिनअघि यस्तो भन्दै गरेको सुने: "तिमीहरूमध्ये प्रत्येकले अल्लाहको बारेमा राम्रो सोच राख्दै मृत्युवरण गर्नुपर्छ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले मुस्लिमले अल्लाहमाथि राम्रो विश्वास राखेर मृत्युवरण गर्नुपर्छ भनेर प्रोत्साहन दिइरहनुभएको छ। मृत्यु हुने बेला आशाको पक्ष प्रबल हुनुपर्छ र हृदय यो विचारले भरिएको हुनुपर्छ, अल्लाहले उसमाथि दया गर्नेछन् र उसलाई क्षमा गर्नेछन्। किनभने कर्म सुधार गर्न डर आवश्यक छ, तर मृत्युवरणको बेला कर्म गर्ने समय होइन। त्यसैले, आशाको पक्ष त्यहाँ प्रबल हुनुपर्छ।

http://sunnah.global/hadeeth/ne/show/3779